## ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
## प्रधान कार्यालय, बुटवल

## सातौं वार्षिक साधारण सभाको निर्णय तथा कार्यवाही विवरण

१. **वैधानिक सभा:**

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/११/०२ गते बसेको सञ्चालक समितिको १९० औं बैठकको निर्णयानुसार आह्वान गरिएको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री धन बहादुर बरुवालको अध्यक्षतामा कम्पनी ऐन, २०६३ अनुसार मिति २०७८ फागुन २८ गते शनिबार विधिपूर्वक सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान** :

मिति: २०७८ फागुन २८ गते शनिबार, तदनुसार मार्च १२,२०२२

समय: बिहान ११.०० बजे ।

स्थान: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि., प्रधान कार्यालय, बुटवलको Meeting Room बाट साधारण सभा विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन भएको ।

३. **सभाको सूचना प्रकाशन** :

३.१ सञ्चालक समितिको मिति २०७८/११/०२ गते बसेको १९० औं बैठकले संस्थाको सातौं वार्षिक साधारण सभा २०७८ फागुन २८ गते शनिबार बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा संस्थाको नियमावलीको नियम ४ बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरु खुलाई मिति २०७८/११/०६ गते प्रथम पटक कारोवार आर्थिक दैनिक र मिति २०७८/११/०९ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभा बारे विस्तृत जानकारी गराइएको थियो । साथै उक्त सूचना संस्थाको वेबसाइट www.gblbs.com.np मा समेत राखिएको थियो ।

३.२ माथि उल्लेखित साधारण सभाको सूचनाको साथै सञ्चालक समितिको प्रतिवेदन, आ.व.२०७७/७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सम्बन्धी अनुसूची सहितको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीका लागि संस्थाको Website www.gblbs.com.np मा समेत राखिएको व्यहोरा सभामा जानकारी गराइयो ।

४. छलफलका विषय सूचीहरू :

(क) साधारण प्रस्ताव:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षले संस्थाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरण, नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने ।

३ बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्ने लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. यस संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा समसामयिक विषयमा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

२. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवम् अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरुसँग सम्वन्धित आवश्यक सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३ नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणले संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्नु पर्ने अवस्था भएमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

(ग) विविध:

नेपाल सरकार,अर्थमन्त्रालयसँग सहुलियतपूर्ण ऋणका लागि अनुरोध गर्ने सम्बन्धमा ।

५. कार्यक्रम संचालन :

सभाको कार्यक्रम संचालन कम्पनी सचिव श्री श्याम कुमार कटुवालले गर्नुभयो ।

६. आसन ग्रहण :

सातौं वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित रहनु भएका संस्थाका संचालक समितिका अध्यक्ष एवम् संचालकहरुलाई आसन ग्रहण गराइयो ।

७. सभाको अध्यक्षता :

कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम सातौं वार्षिक साधारण सभाको अध्यक्ष संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री धन बहादुर बरुवालले गर्नु भई सभाको काम कारवाही अगाडि बढाउन कम्पनी सचिव श्री श्याम कुमार कटुवाललाई अनुमति प्रदान गर्नुभयो ।

८. गणपुरक संख्या :

कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारणसभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरधनीहरुको उपस्थिति हुनु पर्नेमा यस सभामा कुल शेयर संख्याको ५६.०८ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी २५ जना शेयरधनी तथा शेयरधनी संस्थाका प्रतिनिधिहरुको सहभागी/उपस्थित रहेको हुनाले सभामा गणपुरक संख्या पुगेकोले सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

९. सभाको शुभारम्भ:

विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन भएको सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्ष श्री धन बहादुर बरूवालले पानसमा दीप प्रज्वलन गरी सभाको शुभारम्भ गर्नुभयो ।

१०. स्वागत मन्तव्य:

विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन भएको सातौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी लगायत सम्पूर्ण महानुभावहरूलाई सञ्चालक श्री शिवहरी दंगालले स्वागत गर्नुभयो ।

११. उपस्थिति :

११.१ सञ्चालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) :

| | | | |
|---|---|---|---|
| १ | श्री धन बहादुर बरूवाल | अध्यक्ष | भौतिक रुपमा उपस्थित |
| २ | श्री रञ्जना पण्डित,पौडेल | सञ्चालक | भौतिक रुपमा उपस्थित |
| ३ | श्री लेखनाथ भुसाल | सञ्चालक | भौतिक रुपमा उपस्थित |
| ४ | श्री शिवहरी दंगाल | सञ्चालक | भौतिक रुपमा उपस्थित |
| ५ | श्री मनोज कुमार खडका | सञ्चालक | भौतिक रुपमा उपस्थित |
| ६ | श्री भरतराज कोइराला | सञ्चालक | भौतिक रुपमा उपस्थित |

११.२ संस्थाका पदाधिकारीको उपस्थिति :

श्री श्याम कुमार कटुवाल का.मु.प्रमुख कार्यकारी अधिकृत/ कम्पनी सचिव ।

११.३ विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट साधारण सभामा देहायका संस्थागत शेयरधनी प्रतिनिधीहरुको उपस्थिति रह्यो ।

क. श्री श्याम प्रसाद आचार्य: संस्थापक शेयरधनी प्रतिनिधी, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाण्डौ ।
ख. श्री गंगा बस्नेत थापा: संस्थापक शेयरधनी प्रतिनिधी, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौ ।
ग. श्री सुपज ज्ञवाली: संस्थापक शेयरधनी प्रतिनिधी, नेपाल बैंक लि., बुटवल ।
घ श्री शुनिल सुवेदी: संस्थापक शेयरधनी प्रतिनिधी, राष्ट्रिय वाणिज्य बैंक, काठमाण्डौ ।
ङ श्री रञ्जीत लाल श्रेष्ठ: संस्थापक शेयरधनी प्रतिनिधी, हिमालयन बैंक लिमिटेड, काठमाण्डौ ।
च श्री नविन घिमिरे: संस्थापक शेयरधनी प्रतिनिधी, नेपाल इनभेष्टमेण्ट बैंक लिमिटेड., बुटवल ।
छ श्री रोवट श्रेष्ठ: संस्थापक शेयरधनी प्रतिनिधी, नेपाल एस.वि.आई बैंक लिमिटेड,काठमाण्डौ ।
ज श्री राजेश श्रीवास्तव: संस्थापक शेयरधनी प्रतिनिधी, कृषि विकास बैंक लिमिटेड, भैरहवा ।
झ श्री रत्न बहादुर खड्का : संस्थापक शेयरधनी प्रतिनिधी, बैंक अफ काठमाण्डु लिमिटेड, बुटवल
ञ. श्री माणिकरत्न शाक्य: संस्थापक शेयरधनी प्रतिनिधी, पिपुल्स इनभेष्टमेण्ट कम्पनी लि.,काठमाण्डौ ।
ट. श्री श्याम वहादुर रावल: प्रतिनिधि शेयर रजिष्ट्रार प्रभु क्यापिटल लि.,काठमाण्डौ(भौतिक रुपमा उपस्थित)

१२. शेयरधनीहरुको उपस्थिति :

संस्थाको साधारण सभामा उपस्थित हुन पाउने कुल शेयरधनी संख्या ७९१०४ जना रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

(क) संस्थापक समूह (क) शेयरधनीको तर्फबाट विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट उपस्थित १० जना ५,५०४,९४५ शेयर कित्ता र स्वयम् उपस्थित १२ जनाको ४,४३० शेयर कित्ता गरी जम्मा उपस्थित शेयरधनीको संख्या २२ जना र जम्मा शेयर कित्ता ५,५०९,३७५ रहेको ।

(ख) सर्वसाधारण समूह (ख) शेयरधनीको तर्फबाट उपस्थित ३ जनाको ५५० शेयर कित्ता रहेको ।

| बिक्री भएको कुल शेयर संख्या (कित्ता) | शेयर संख्या (संस्थापक समूह (क) | शेयर संख्या (सर्वसाधारण समूह (ख) | उपस्थित शेयर संख्या (क) | उपस्थित शेयर संख्या (ख) | जम्मा उपस्थिति (क) र ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| ९८,२५,००० | ६८,६८,४६१ | २९,५६,५३९ | जम्मा २२ जना शेयरधनी/ प्रतिनिधि शेयर कित्ता ५,५०९,३७५ | जम्मा ३ जना शेयरधनी /प्रतिनिधि शेयर कित्ता ५५० | कुल जम्मा २५ जना | ५६.०८ प्रतिशत |

१३. वार्षिक प्रतिवेदन प्रस्तुती :

सातौं वार्षिक साधारण सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री धन बहादुर बरुवालले आ.व. २०७७/७८ को लेखापरीक्षण भएको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन वाचन गर्नुभयो । सो अवसरमा उहाँले संस्थाका निवर्तमान अध्यक्ष तथा सञ्चालकहरुले यस संस्थाको उन्नति र प्रगतिको लागि पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । यसैगरी उपस्थित शेयरधनीहरु र संस्थाको काम कार्वाहीमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्ने नेपाल सरकार, नियमनकारी निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु र अन्य संघ संस्थाहरु लगायत सबै शुभेच्छुक एवम् कर्मचारीहरु प्रति आभार समेत प्रकट गर्नु भयो ।

१४. छलफलमा सहभागी शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरु :

संचालक समितिका अध्यक्षले समितिको प्रतिवेदन प्रस्तुत गरे पश्चात संस्थाको आ.व. २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासालात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु उपर आफनो जिज्ञासा, सुझाव र सल्लाहका लागि छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अध्यक्षको अनुमतिमा कम्पनी सचिवले अनुरोध गर्नु भए बमोजिम तीन जना शेयरधनीले विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट छलफलमा सहभागी हुनु भई निम्नानुसारको टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

१४.(१) श्री चन्द्र नारायण श्रेष्ठ (सर्वसाधारण शेयरधनी)

- साधारण सभामा शेयरधनीहरूले उठाउनु भएका जिज्ञासा र सुझाव उपर सञ्चालक समितिका अध्यक्षले दिनुभएको प्रतिउत्तर/मन्तव्य संस्थाको वेव साइटमा राख्ने व्यवस्था गर्नुपर्ने र कोभिड-१९ संक्रमणको अवस्थामा सुधार भएको अवस्थामा आगामी साधारण सभा भौतिक रुपमा प्रधान कार्यालय रहेको स्थान बुटवलमा सञ्चालन गर्नुपर्ने ।
- संस्था मर्जर हुनु भन्दा पूर्व साविक पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि., बुटवलले प्रत्येक वर्ष लाभांश दिइरहेकोमा संस्था मर्जर पश्चात सात/आठ वर्षसम्म लाभांश प्रदान गर्न नसक्दा शेयरधनीहरुमा निरासा देखिएको । संस्था मर्जर हुँदाको समयमा रहेको सञ्चित नोक्सानी पुरा भई २०७८ असार मसान्तसम्म आईपुग्दा सञ्चित नाफा रहेकोले आगामी आर्थिक वर्ष देखि शेयरधनीहरुलाई उचित प्रतिफल वितरण गरिनुपर्ने ।
- संस्थाले शेयरधनीहरूलाई लाभांशको रूपमा बोनस शेयर बितरण गरी संस्थाको चुक्ता पुँजी बृद्धि गर्दै लैजान र हाल ८.९६ प्रतिशत रहेको पुँजीकोष बृद्धि गरी ११ देखि १२ प्रतिशत पुऱ्याउन सञ्चालक समिति र व्यवस्थापनले ध्यान दिनुपर्ने ।

- संस्थामा लामो समय देखि प्रमुख कार्यकारी अधिकृतको पद खाली रहेको र नायव प्रमुख कार्यकारी अधिकृतलाई कायम मुकायम मुकरर गरी संस्था सञ्चालन भइरहेकोले संस्थालाई दिगो रुपमा वित्तीय स्व-सक्षमता बनाउनको लागि यथाशीघ्र प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नुपर्ने ।
- संस्थामा रहेको जग्गाको मूल्याङ्कन नेपाल लेखामान (NFRS) मा रहेको व्यवस्था अनुसार Fair value method बाट मूल्याङ्कन गरिनुपर्ने ।
- लेखापरीक्षकको प्रतिवेदन र वित्तीय विवरणहरू नेपाल लेखामान (NFRS) अनुसार तयार गर्नु पर्नेमा सो नभएकोले नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०७८ अनुसार आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण नेपाल लेखामान (NFRS) अनुसार तयार गर्नुपर्ने ।
- वित्तीय विवरणको अनुसूची ४.२७ को बुँदा नं.४ को कर्जा सापटमा भएको परिवर्तन शिर्षकमा गत आर्थिक वर्षको अन्तमा लगानीमा रहिरहेको कर्जा रकम, यस आ.व.मा प्रवाह गरिएको कर्जा रकम, असुली भएको कर्जा रकम र लगानीमा रहिरहेको कर्जा रकम उल्लेख गरी विवरण राख्नुपर्ने ।
- संस्थाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरणमा लगानीमा रहेको रकममा गत वर्ष भन्दा बृद्धि भएको र यस्तो रकम मुद्दती निक्षेपमा रहेको भएको पाइएकोले तरलतालाई मुद्दती निक्षेपमा लगानी नगरी बढी भन्दा बढी सदस्यहरूलाई सेवा पुर्‍याई कर्जा लगानीमा बृद्धि गर्नुपर्ने ।
- बैंक तथा वित्तीय संस्था ऐन २०७३ मा उल्लेखित प्रावधान उल्लंघन नहुने गरी सञ्चालक समितिको वैठक नियमित रूपमा वस्नुपर्ने ।

१४(२) श्री दिपक प्रसाद पाण्डे, बुटवल (संस्थापक शेयरधनी)

- संस्थाको नाममा विभिन्न स्थानमा रहेका जग्गाको संरक्षण गर्न तारवार गरी जग्गाको उचित व्यवस्थापन गरिनु पर्ने ।
- सातौं वार्षिक साधारण सभाको छलफलका विषयसूचीमा राखिएको विविध विषय (ग) अन्तर्गत नेपाल सरकार, अर्थ मन्त्रालयसँग सहुलियतपूर्ण ऋणका लागि अनुरोध गर्ने सम्बन्धी प्रस्ताव स्वागत योग्य रहेको । यो प्रस्ताव साधारण सभाबाट पारित गरी नेपाल सरकार अर्थ मन्त्रालयबाट सहुलियत पूर्ण ब्याजदरमा ऋण रकम प्राप्त हुन सकेको अवस्थामा संस्थाले थप विपन्न वर्गका नागरिकहरूलाई सहुलियत पूर्णरूपमा लघु वित्तीय सेवाहरू प्रदान गर्न र तरलताको समस्या समेत समाधान गर्न संस्थालाई सहज हुने राय व्यक्त गर्नु भयो ।

१४(३) श्री रञ्जितलाल श्रेष्ठ, संस्थापक प्रतिनिधी हिमालयन बैंक लि. (संस्थापक शेयरधनी)

- प्राविधिक समस्याका कारणले गर्दा शुरूको केही समय कम्पनी सचिवले सञ्चालन गर्नु भएको कार्यक्रम र समितिका अध्यक्षले प्रतिवेदन वाचन गर्दा आवाज नसुनिएको हुँदा प्रविधिलाई भरपर्दो र विश्वनिय बनाएर मात्र विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट साधारण सभा सञ्चालन गरिनुपर्ने ।
- संस्थाले लामो समय देखि प्रतिफल प्रदान गर्न नसक्दा शेयरधनीहरूमा निराशा फैलिएकोले आगामी आर्थिक वर्ष देखि लाभांश वितरण गर्न सञ्चालक समिति तथा व्यवस्थापन थप क्रियाशील हुनुपर्ने ।

शेयरधनीहरुको जिज्ञासाको जवाफ :

१५ शेयरधनी महानुभावहरुबाट आएका जिज्ञासा एंव महत्वपूर्ण सुझावहरु उपरको जवाफ का.मु. प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले शेयरधनी महानुभावहरुबाट उठाइएका जिज्ञासाहरु उपर जवाफ दिने क्रममा देहाय वमोजिमका प्रमुख बुँदाहरु उल्लेख गर्नु भयो ।

- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को जोखिमबाट सुरक्षित हुन नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र सीमाभित्र मात्र भौतिक उपस्थिति कायम हुनु पर्ने बाध्यात्मक अवस्थाका कारण साधारण सभामा प्रस्तुत हुने विषयहरु उपर छलफल गर्न सूचना प्रविधिको प्रयोग गरी विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट  साधारण सभा गर्नु परेको ।
- आ.व.२०७७/७८ मा संस्था सञ्चालन मुनाफामा रहेको तर स्थगन कर दायित्व अझै बाँकी रहेकोले हालको तरलताको अवस्था सहज भई आर्थिक गतिविधि सामान्य हुन सके आगामी वर्षदेखि उचित प्रतिफल प्रदान गर्न सकिने विचार व्यक्त गर्नु भयो ।
- शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासा र सुझावहरुलाई सम्पत्तिको रुपमा ग्रहण गर्दै लेखापरीक्षकको प्रतिवेदन र वित्तीय विवरणहरू नेपाल लेखामान (NFRS) अनुसार तयार गर्न आवश्यक व्यवस्था मिलाइने विचार समेत व्यक्त गर्नु भयो ।

१६ छलफलको समाप्ती :

शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवम् प्रश्नहरुको सम्बन्धमा का.मु. प्रमुख कार्यकारी अधिकृतले जवाफ दिए पश्चात शेयरधनीहरुबाट थप जिज्ञासा नआएकोले कम्पनी सचिवले छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

१७. पारित प्रस्तावहरु :

साधारण सभामा पेश भएका पूर्व निर्धारित प्रस्तावहरु पारित गर्न अध्यक्षले क्रमशः प्रस्तावहरु शेयरधनीहरु समक्ष प्रस्तुत गर्दा देहाय वमोजिम प्रस्तावहरु सर्वसम्मतिले पारित भयो ।

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिका अध्यक्ष श्री धन बहादुर बरुवालले सभामा पेश गर्नु भएको सञ्चालक समितिको आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आ.व. २०७७/७८ को वार्षिक वित्तीय विवरण, नाफा /नोक्सान हिसाव तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव  सर्वसम्मतिले पारित भयो ।

३ बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न, कर लेखापरीक्षण र लङ्गफर्म अडिट रिपोर्ट तयार गर्न तथा कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण प्रमाणित गर्नका लागि लेखापरीक्षण समितिको मिति २०७८/११/२२ गतेको ५६ औं बैठकबाट सिफारिस भए बमोजिम लेखापरीक्षक एन.बि.एस.एम एण्ड एसोसिएट्स, नारायणचौर नक्साल, काठमाण्डौलाई नियुक्त गरी वार्षिक मूल्य अभिवृद्धि कर बाहेक रु.५,२५,०००।-(अक्षरुपी पाँच लाख पच्चिस हजार मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ख) विशेष प्रस्ताव :

१. यस संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा समसामयिक संशोधन गर्ने विषयका सम्वन्धमा साधारण सभामा छलफल हुँदा संस्थाको विद्यमान नियमावलीको नियम ८ (२ क) को उपनियम (ख) र नियम ८ (२ क) को उपनियम (ग) थप सहित नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने,

उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवम् अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरुसँग सम्वन्धित आवश्यक सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३. नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणले संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्नु पर्ने अवस्था भएमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ग) विविध:

साविकका क्षेत्रीय स्तरका पाँच वटा ग्रामीण विकास बैंकहरू मर्जर भई मिति २०७१ साउन ३० गते देखि एकिकृत कारोवार शुरु गरेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल सरकार समेतको सहभागितामा स्थापना भएको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो । यस संस्थाले नेपालको ग्रामीण दूरदराजका विपन्न तथा पिछडिएका वर्गमा वित्तीय पहुँच पुऱ्याई उनीहरूको आर्थिक तथा सामाजिक क्षेत्रको सवलिकरणमा सहयोग पुऱ्याउँदै आइरहेकोले दीगो रुपमा सुलभ ढंगले स्रोतको आपूर्ति हुन सके राष्ट्रको गरिबी न्यूनीकरणमा थप योगदान पुऱ्याउन सक्ने हुँदा नेपाल सरकार, अर्थ मन्त्रालयसँग सहुलियतपूर्ण ऋणका लागि अनुरोध गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

१८. धन्यवाद ज्ञापन सहित सभाको समापन :

संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री धन बहादुर बरुवालले सातौं वार्षिक साधारण सभामा शेयरधनीबाट प्रस्तुत जिज्ञासा, टिप्पणी तथा सुझावहरु महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । यस वित्तीय संस्थाको प्रगति र सफलताका लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग, सल्लाह, सुझाव दिई आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको योगदानका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, सिडिएस एण्ड क्लियरिङ लि., लेखापरीक्षक, ग्राहक वर्ग, सञ्चालक समितिका सदस्यहरु, व्यवस्थापन लगायत कर्मचारी परिवार, पत्रकार तथा सम्पूर्ण शुभचिन्तकहरु प्रति आभार प्रकट गर्नु भयो ।

अन्त्यमा,

पूर्व निर्धारित बिषयसूचीहरु उपरको छलफलको क्रम समाप्त भएकोले सभाका अध्यक्ष श्री धन बहादुर बरुवालले सभामा प्राप्त सुझावहरूलाई सम्पत्तिको रुपमा ग्रहण गरी संस्थाले समस्त ग्राहक, कर्मचारी र शेयरधनीहरुको अधिकतम हितलाई ध्यानमा राखेर अघि बढ्ने बचनवद्धता व्यक्त गर्दै सूचना प्रविधिको प्रयोग गरी विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालित सातौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

श्याम कुमार कटुवाल
(कम्पनी सचिव )

धन बहादुर बरूवाल
( अध्यक्ष )